**DIVISION OF FAMILY ASSISTANCE (DFA)**
**(पारिवारिक सहायता शाखा)**

# DFA कार्यक्रम
# तथा
# सेवाहरू गाइड



**NH Department of Health & Human Services**
**(न्यू हैम्पशायर स्वास्थ्य तथा मानव सेवा विभाग)**
**www.dhhs.nh.gov/DFA**

**अनलाइन आवेदन दिनका लागि www.NHEASY.nh.gov मा जानुहोस् !**

*DFA को लक्ष्य भनेको योग्य न्यू हैम्पशायर बासिन्दाहरूलाई समयमै, समान र सही तथा ग्राहक-केन्द्रित तवरबाट आर्थिक, चिकित्सा, खाद्य तथा पोषण, आकस्मिक र बाल स्याहार सहायता प्रदान गर्नु हो जसले गरिबीका हानिकारक असरहरूलाई कम गर्दै न्यू हैम्पशायर नागरिकहरूलाई राज्य तथा संघीय कानून अनुसार स्वास्थ्य र आर्थिक स्थिरता हासिल गर्न तथा कायम राखन सक्षम बनाउँछ ।*

***सबै DFA कार्यक्रमहरू र सेवाहरू तपाईंको आयमा आधारित हुन्छन् । DFA ले प्रदान गर्ने कुनै कार्यक्रमका लागि तपाईं योग्य हुनुहुन्छ कि हुनुहुन्न भन्ने कुराको निर्धारण गर्दा केही DFA कार्यक्रमहरूले तपाईंको स्वामित्वमा रहेका वस्तुहरूको नगद मूल्य, तपाईंका "श्रोतहरू" वा "सम्पत्तिहरू" लाई पनि हेर्न सक्छन् ।***

## Food Stamp Program (फुड स्ट्याम्प कार्यक्रम)

Food Stamp कार्यक्रमले कम-आय भएका व्यक्ति तथा परिवारहरूलाई खाद्य सामग्री खरिद गर्नका लागि मासिक सुविधाहरू प्रदान गर्दछ । यस कार्यक्रमका लागि योग्यता तपाईंको आय, श्रोत र खर्चहरूमा निर्भर रहन्छ । Food Stamp सुविधाको रकम तपाईंको घरपरिवारको आकारमा निर्भर रहन्छ ।

सहायता रकम सीमाहरू = निश्चित घरपरिवारहरूका लागि कुनै सीमा छैन, अन्यथा वृद्ध/अपाङ्गका लागि $2,250, वा $3,250

---

## NH Child Care Scholarship (न्यू हैम्पशायर बाल स्याहार छात्रवृत्ति)

यस कार्यक्रमले कम आय भएका परिवारलाई त्यहाँको वयस्क व्यक्तिले काम गरिरहेको, काम खोजिरहेको, वा नोकरीसँग-सम्बन्धित तालिममा वा शैक्षिक गतिविधिहरूमा सहभागी भइरहेको अवस्थामा बाल स्याहारका लागि मद्दत गर्दछ । सहायताको मूल्य परिवारको कुल मासिक आय, घरपरिवारको आकार र बच्चाको उमेरमा निर्भर रहन्छ ।

यस कार्यक्रमको सहायता रकम सीमा छैन ।



---

## Financial Assistance to Needy Families (FANF) Cash Program [आवश्यक परेका परिवारहरूलाई आर्थिक सहायता (FANF) नगद कार्यक्रम]

यी कार्यक्रमहरूले 18 वर्ष भन्दा मुनि वा यदि फुल-टाइम हाइस्कूल वा हाइस्कूल समतुल्य विद्यार्थी भएमा 20 वर्ष उमेर सम्मका आश्रित बच्चाहरू भएका कम-आय भएका परिवारलाई नगद सुविधाहरू प्रदान गर्दछन् । आमाबाबु मध्ये कुनै एक वा दुवै अपाङ्ग, दिवंगत वा घरपरिवारबाट अनुपस्थित भएको हुनैपर्छ:

- *The New Hampshire Employment Program (NHEP) (न्यू हैम्पशायर रोजगारी कार्यक्रम)*: NHEP त्यस्ता परिवारहरूका लागि हो जसका 18 वर्ष मुनि वा फुल-टाइम हाइस्कूल वा हाइस्कूल समतुल्य कार्यक्रमको विधार्थी रहेको 19 वर्ष मुनिको बच्चा छ । यो कार्य-केन्द्रित कार्यक्रम हो र सक्षम-शरीर भएका आमाबाबुहरूलाई रोजगारी र प्रशिक्षणको माध्यमबाट आत्मनिर्भर बन्न मद्दत गर्दछ ।
- *The Families With Older Children (FWOC) Program (बढी उमेरका बच्चाहरू भएका परिवारहरू)*: FWOC त्यस्ता परिवारहरूका लागि हो जसका 19 देखि 20 वर्ष सम्मको बच्चा छ र जो फुल-टाइम हाइस्कूल वा हाइस्कूल समतुल्य कार्यक्रमको विधार्थी वा आधारभूत शिक्षाको विद्यार्थी हो ।
- *The Interim Disabled Parent (IDP) Program (अल्पकालीन अपाङ्ग आमाबाबु (IDP) कार्यक्रम)*: IDP त्यस्ता परिवारहरूका लागि हो जहाँ कम्तिमा पनि आमाबाबु मध्ये एक जना स्वास्थ्य समस्याको कारणले काम गर्न सक्दैनन् ।
- *The Family Assistance Program (FAP) (पारिवारिक सहायता कार्यक्रम)*: FAP त्यस्ता आफन्तहरूका लागि हो जसलाई तिनीहरूको बच्चाहरूको स्याहारमा सहयोग चाहिएको हुन्छ । यी आफन्तहरूले आफ्नो लागि नगद सुविधाहरू प्राप्त गर्न सक्दैनन् । FAP त्यस्ता केही परिवारहरूका लागि पनि हो जहाँ आमाबाबु मध्ये एक वा दुवै अपाङ्ग छन् ।

माथिका सबै कार्यक्रमहरूका लागि नगद सुविधाहरू पाउन NHEP अभिमुखीकरण सत्रमा उपस्थित हुनुपर्ने हुनसक्छ र यदि नगद सुविधा पाइरहेका छन् भने सबै वयस्क व्यक्तिहरूले NHEP कार्य कार्यक्रमको पालना गर्नेछन् भन्ने आशा गरिन्छ ।

सहायता रकम सीमाहरू = आवेदकहरूका लागि $1,000 र प्राप्तकर्ताहरूका लागि $2,000

## State Supplement Cash Programs (SSP) (राज्य पूरक नगद कार्यक्रमहरू)

State Supplement Program हरूले केही आवश्यक परेका न्यू हैम्पशायर बासिन्दाहरूलाई नगद सहायता प्रदान गर्दछन्, जो:

- 65 वा सो भन्दा बढी उमेरका छन्, *Old Age Assistance (OAA) Program (वृद्ध उमेर सहायता कार्यक्रम)* को माध्यमबाट:
- अपाङ्ग र 18 देखि 64 वर्ष उमेरका व्यक्तिहरू, *Aid to the Permanently and Totally Disabled (APTD) Program (स्थायी तथा पूर्ण रूपमा अपाङ्गलाई सहायता कार्यक्रम)* को माध्यमबाट; वा
- नेत्रहीन, जुनसुकै उमेरका भएतापनि, *Aid to the Needy Blind (ANB) Program (आवश्यक परेको नेत्रहीन व्यक्तिलाई सहायता कार्यक्रम)* को माध्यमबाट ।

सहायता रकम सीमा = $1,500



## Medical Assistance (मेडिकल सहायता) का MAGI श्रेणीहरू

Medical Assistance निम्न श्रेणीहरू मार्फत प्रदान गरिन्छ, जुन सबैले योग्यता निर्धारण गर्न लागि Modified Adjusted Gross Income (MAGI) (परिमार्जित समायोजित कुल आय) विधि प्रयोग गर्दछन् । MAGI ले योग्यता निर्धारण गर्दा घरपरिवार र आयको IRS-आधारित अवधारणाहरू प्रयोग गर्दछ:

- *Children's Medicaid (CM) (बालबालिकाहरूको मेडिकेड):* यो श्रेणीका लागि योग्य हुने बालबालिकाहरू 19 वर्ष भन्दा कम उमेरको हुनैपर्छ, जसको खुद आय federal poverty level (FPL) (संघीय गरिबी स्तर) 196% भन्दा कम वा सो बराबर हुनपर्दछ । Children with severe disabilities (CSD)(गम्भीर अपाङ्गता भएका बालबालिकाहरू) पनि यस श्रेणी अन्तर्गत समाविष्ट हुन्छन्;
- *Expanded CM (विस्तारित CM)*: यो श्रेणीको लागि योग्य हुने बालबालिकाहरू 19 वर्ष भन्दा कम उमेरको हुनैपर्छ, जसको खुद आय 196% FPL भन्दा बढी हुनुपर्छ, तर 318% FPL भन्दा बढी हुनुहुदैन्;
- *गर्भवती महिला*: यस श्रेणीका लागि योग्य गर्भवती महिलाहरूको खुद आय 196% FPL भन्दा कम वा सो बराबर हुनुपर्दछ ।
- *Parent/Caretaker Relative Medical Assistance (MA) (आमाबाबु/स्याहारकर्ता आफन्त मेडिकल सहायता):* यस श्रेणीका लागि योग्य वयस्कहरू भनेका, *18* वर्ष मुनिको, वा माध्यमिक विद्यालयमा फुल टाइम विद्यार्थी (वा समतुल्य व्यावसायिक वा प्राविधिक प्रशिक्षण) रहेको *19* वर्ष मुनिको भनि परिभाषित गरिएको, आश्रित बच्चाको आमाबाबु/स्याहारकर्ता आफन्त हुन् । बच्चाले FANF विपन्नता आवश्यकताहरू पूरा गर्नैपर्छ र वयस्कको खुद आय निर्धारित मापदण्ड भन्दा कम वा बराबर हुनैपर्छ;
- *Former Foster Care Child (पूर्व फोस्टर केयर बच्चा):* Medicaid पूर्व फोस्टर केयर बच्चालाई स्वत: प्रदान गरिनेछ जसलाई त्यस्ता बालबालिकाहरूको रूपमा परिभाषित गरिएको छ जो DCYF द्वारा प्रमाणित गरिए अनुसार 18 वर्ष भन्दा कम उमेर हुँदा फोस्टर केयरमा भएका र NH Medicaid मा भर्ना भएका थिए, जो अहिले 26 वर्ष भन्दा कम उमेरका छन् र Medical Assistance को अर्को श्रेणीका लागि योग्य हुँदैनन्;
- *New Hampshire Health Protection Program (NHHPP/NHHPP-M) (न्यू हैम्पशायर स्वास्थ्य संरक्षण कार्यक्रम):* यस श्रेणीका लागि योग्य वयस्कहरू कम्तिमा पनि 19 वर्ष उमेरको र 65 वर्ष भन्दा कम उमेरको हुनैपर्छ जो आवेदन दिएको समयमा गर्भवती भएको हुनुहुदैन, वा Medicare सुविधाहरूको भाग A वा B को लागि हकदार वा भर्ना हुन सक्दैनन्, अनिवार्य Medicaid कभरेज ग्रुपका लागि योग्य तथा भर्ना हुन सक्दैनन् र 133% FPL भन्दा कम वा सो बराबरको खुद आय भएको हुनैपर्छ; र
- *Family Planning MA(परिवार नियोजन MA)*: यस सीमित कभरेज MA का योग्य व्यक्तिहरू गर्भवती भएको हुनुहुँदैन र 196% FPL भन्दा कम वा सो बराबरको खुद आय भएको हुनैपर्छ । यस प्रकारको सहायताले केवल परिवार नियोजन सम्बन्धि सेवाहरू मात्र समाविष्ट गर्दछ ।

यी कार्यक्रमहरूमा सहायता रकम सीमाको गणना गरिदैन ।

## **Medical Assistance (मेडिकल सहायता) का गैर-MAGI श्रेणीहरू**

Medical Assistance हरू निम्न गैर-MAGI श्रेणीहरूबाट पनि प्रदान गरिन्छ । Medical Assistance का सबै गैर-MAGI श्रेणीहरूको सहायता रकम परिक्षण छ:

- *State Supplement Program (SSP) Medical Assistance (MA) (राज्य पूरक कार्यक्रम मेडिकल सहायता)*: SSP ले, 65 वर्ष वा सोभन्दा बढी उमेरका कम-आय भएकाहरूलाई OAA MA मार्फत, 18 र 64 बीचको उमेर भएकाहरूलाई APTD MA मार्फत र नेत्रहीनलाई उमेर नहेरिकन ANB MA मार्फत केही न्यू हैम्पशायर बासिन्दाहरूलाई Medical Assistance प्रदान गर्दछ ।
  सहायता रकम सीमा = $1,500

- *Medicaid for Employed Adults with Disabilities (MEAD) (रोजगार भएका अपाङ्ग वयस्कहरूका लागि मेडिकेड):* MEAD ले 18 र 64 बीचको उमेरका काम गरिरहेका अपाङ्ग वयस्कहरूलाई मेडिकल कभरेज प्रदान गर्दछ । MEAD कार्यक्रमका लागि आय तथा सहायता रकम सीमाहरू अन्य कार्यक्रमहरू भन्दा बढी छ र प्रत्येक वर्ष परिवर्तन हुन्छ । केही MEAD व्यक्तिहरूले मेडिकल कभरेजका लागि मासिक रूपमा प्रिमियम भुक्तानी गर्नैपर्छ ।

- *Medicare Savings Program (MSP) (मेडिकेयर बचत कार्यक्रम):* [QMB, SLMB/SLMB135, QDWI] MSP ले केही व्यक्तिहरूलाई मासिक Medicare प्रिमियमको खर्चमा मद्दत गर्दछ । QMB कार्यक्रमले Medicare कार्यक्रमसँग सम्बन्धित सह-बीमा र कटौती राशिहरूमा पनि मद्दत गर्दछ । QMB/SLMB/SLMB135 सहायता रकम सीमा अन्य कार्यक्रम भन्दा बढी छ र प्रत्येक वर्ष परिवर्तन हुन्छ । QDWI सहायता रकम सीमा = $4,000 (HH 1) वा $6,000 (HH 2) ।

- *Nursing Facility (NF) Care* (नर्सिङ्ग सुविधा स्याहार): यस कार्यक्रमले आर्थिक योग्यताका आवश्यकताहरू पुरा गर्ने सीमित संसाधन भएका व्यक्तिहरूको NF स्याहार खर्चलाई समाविष्ट गर्दछ । NF स्याहार MAGI श्रेणीहरूमा पनि उपलब्ध छ ।
  सहायता रकम सीमा = $2,500

- *Home and Community-Based Care (HCBC) (गृह तथा समुदायमा-आधारित स्याहार)* र *HCBC Choices for Independence (CFI) (HCBC आत्मनिर्भरताका लागि विकल्पहरू):* यी कार्यक्रमहरूले त्यस्ता व्यक्तिहरूलाई सहायता तथा सेवाहरू प्रदान गर्दछन् जो नर्सिङ सुविधा वा अन्य संस्थानमा बस्नुपर्ने देखिन्छन् तर यदि तिनीहरूलाई केही बाहिरी सहायता मिलेमा तिनीहरू आफ्नै घरमा वा समुदायमा नै बस्न सक्थे । HCBC सेवाहरू MAGI श्रेणीहरूका लागि पनि उपलब्ध छन् ।

  यस कार्यक्रमका लागि सहायता रकम सीमाहरू फरक-फरक हुन्छन् ।

- *Home Care for Children with Severe Disabilities (HC-CSD)* (गम्भिर अपाङ्गता भएका बालबालिकाहरूका लागि गृह स्याहार): यी घरमा आधारित सेवाहरूका लागि योग्य बालबालिकाहरू भनेका ती हुन् जो NF स्याहार आय सीमाहरू पूरा गर्ने आय भएका, गम्भीर रूपमा अपाङ्ग, 19 वर्ष भन्दा कम उमेरका छन् । सहायता रकम सीमा = $1,000



## <u>प्रदान गरिने अन्य सहायता</u>

- *<u>In and Out Medical Assistance (इन एण्ड आउट मेडिकल सहायता)</u>:* यदि तपाईंले कुनैपनि Medical Assistance कार्यक्रमका लागि सबै मापदण्डहरू पूरा गर्नुहुन्छ तर तपाईं आय सीमाभन्दा माथि हुनुहुन्छ भने तपाईं अझै मासिक कटौती राशिको साथमा In and Out Medicaid का लागि योग्य हुन सक्नुहुन्छ । Medicaid सहायता कटौती राशि पूरा गरेपछि प्रदान गरिन्छ । <u>तपाईंले आवेदन दिनुभएको Medical Assistance कार्यक्रमको आधारमा, त्यहाँ सहायता रकम सीमा हुनसक्छ</u> ।
- *<u>Emergency Assistance (EA) Program (आकस्मिक सहायता कार्यक्रम)</u>:* EA कार्यक्रमले त्यस्ता योग्य परिवारहरू जो घरबार विहिनताको अनुभव वा डरबाट गुज्रिरहेको, उपयोगिता सेवाहरूको समाप्ति वा ताप, तातो पानी र/वा खाना पकाउने इन्धनको कमिमा रहेका छन् तिनीहरूलाई भाडा वा उपयोगिता सेवाहरूको धरौटीहरू, इन्धन वितरण, तिर्न बाँकी भाडा, धितो, वा उपयोगिता सेवा बिलहरूका लागि भुक्तानी गर्नमा मद्दत गर्दछ । <u>परिवारहरू FANF नगद सहायताका लागि, साथै यो प्राप्त नगरिरहेको भएपनि, आर्थिक तथा श्रेणीगत रूपले योग्य हुनुपर्छ</u> ।
- *<u>Emergency Medicaid for Non-Citizens (गैर-नागरिकहरूलाई आकस्मिक मेडिकेड)</u>:* यदि तपाईं गैर-नागरिक हो तर Medical Assistance कार्यक्रमका लागि सबै मापदण्डहरू पूरा गर्नुहुन्छ भने Emergency Medicaid ले तपाईंको प्रवास स्थितिलाई ध्यानमा नराखि प्रसव-काल तथा प्रसव सहित केही आकस्मिक सेवाहरू समाविष्ट गर्न सक्छ । आवेदन गर्नका लागि SSNs आवश्यक छैनन् । <u>तपाईंले आवेदन दिनुभएको Medical Assistance कार्यक्रमका आधारमा, त्यहाँ सहायता रकम सीमा हुनसक्छ</u> ।
- *<u>Breast & Cervical Cancer Program (BCCP) (स्तन तथा पाठेघरको मुखको क्यान्सर कार्यक्रम)</u>:* क्यान्सर उपचारको सिलसिलाका लागि उपलब्ध यस सहायताका लागि योग्य व्यक्तिहरू 65 वर्ष भन्दा मुनिका, अन्य Medical Assistance का लागि योग्य नभएका र CDC द्वारा संचालित BCC प्रारम्भिक पहिचान कार्यक्रमद्वारा breast & cervical cancer (BCC) का लागि परिक्षण गरिएकाहरू हुन्छन । <u>यो कार्यक्रमका लागि सहायता रकम सीमाहरू छैनन्</u> ।



## <u>तपाईंले उपलब्ध गराउनु पर्ने प्रमाणहरू</u>

- उमेर र पहिचान
- आय
- न्यू हैम्पशायर निवास अनुमति
- नागरिकता तथा SSN (सहायताको लागि आवेदन गर्दा मात्र)
- परिवारमा तपाईंसँग बस्ने व्यक्तिहरू र तपाईंसँगको नाता

## <u>केही कार्यक्रमहरूका लागि निम्न कुराहरूको प्रमाण आवश्यक पर्न सक्छ:</u>

- श्रोतहरू
- अपाङ्गता वा FNAF विपन्नता
- संघीय कर दाखिला स्थिति
- मेडिकल खर्चहरू वा अन्य आय कटौती
- आवास खर्च
- तपाईं र तपाईंको घरपरिवारका अन्य मानिसहरू योग्य भएका अन्य सुविधाहरू, जस्तै SSA/SSI/SSDI, बच्चाको भरणपोषण तथा VA, का लागि आवेदन





## <u>अब के हुन्छ ?</u>

हामीले तपाईंको आवेदन प्राप्त गरिसकेपछि, हामी सुविधाहरूका लागि तपाईंको योग्यताका बारेमा सकेसम्म छिटो निर्णय गर्नेछौं । Medical Assistance का MAGI श्रेणीहरूका लागि, यदि तपाईंले हामीलाई निश्चित जानकारी दिनुभएको छन् भने हामी “वास्तविक समय” मा नै तपाईंको योग्यता निर्धारण गर्न सक्छौं, तर यसले निम्न समय लिन सक्छ:

- Emergency Assistance का लागि **15 दिन**;
- Food Stamps तथा NH Child Care Scholarship का लागि **30 दिन**;
- FANF नगद, Medicaid का MAGI-श्रेणीहरू, OAA तथा ANB नगद वा Medical Assistance वा MSP का लागि **45 दिन**; र
- APTD नगद वा Medical Assistance, NF तथा HCBC/HC-CSD र MEAD का लागि **90 दिन ।**

निर्णय भइसकेपछि, तपाईले निर्णयको सूचना प्राप्त गर्नुहुनेछ जसले तपाईंलाई निम्न कुराहरू भन्नेछ:

- को योग्य छ र सुविधाहरूका लागि तपाईं के अपेक्षा गर्न सक्नुहुन्छ;
- तपाईंका सुविधाहरू कसरी निर्धारण गरियो;
- तपाईंले कहिले देखि सुविधाहरू पाउन सुरू गर्नुहुनेछ; र
- यदि तपाईं हाम्रो निर्णयसँग सहमत नभएमा तपाईंले कसरी पुनरावेदन दायर गर्न सक्नुहुन्छ ।



## <u>सुविधाहरू कसरी वितरण गरिन्छन्</u> ?

### 1. Cash and Food Stamps (नगद तथा फुड स्ट्याम्पहरू)<br>Electronic Funds Transfer (EFT) (विद्युतिय फण्ड ट्रान्सफर) वा<br>Electronic Benefits Transfer (EBT) (विद्युतिय सुविधा ट्रान्सफर)

नगद सहायता EFT वा EBT कार्ड मार्फत उपलब्ध छ । तपाईंको नगद अनुदान आइतबार वा बिदाको दिन भएतापनि महिनाको 15औं र 30औं दिनमा बिहान 6:00 बजे तपाईंको लागि उपलब्ध हुन्छ ।

यदि तपाईं आफ्नो नगद अनुदान EFT मार्फत प्राप्त गर्न चाहनुहुन्छ भने तपाईंको नगद अनुदान तपाईंको चेकिङ वा बचत खातामा सोझै जम्मा गरिन्छ । तपाईं आफ्नो बैंकको ATM प्रयोग गर्न सक्नुहुन्छ र पैसा झिक्दा अधिकांश समयहरूमा कुनै ATM कारोबार शुल्क तिर्नु पर्दैन । तपाईंको आफ्नो पैसामा ब्याज पनि कमाउन सक्नुहुन्छ । तपाईं आफ्नो नगद सुविधा EBT कार्ड मार्फत प्राप्त गर्न पनि रोज्न सक्नुहुन्छ । EBT कार्डहरू डेबिट कार्डहरू जस्तै हुन् । Food Stamp हरू *सधैं* EBT कार्ड मार्फत जारी गरिन्छ ।

- Food Stamp सुविधाहरू केवल उपयुक्त खाद्य वस्तुहरू मात्र किन्न प्रयोग गर्न सकिन्छ । एकपटक सक्रिय गरिसकेपछि, तपाईंको EBT कार्ड ***"QUEST"*** वा ***"Electronic Benefit Transfer"*** चिन्ह देखाएको कुनै पनि खाद्य खुद्रा पसलहरूमा प्रयोग गर्न सकिन्छ । तपाईंका Food Stamp सुविधाहरू तपाईंले योग्यता पाएको केही दिनपछिबाट उपलब्ध हुनेछ । त्यसपछि, तपाईंका Food Stamp सुविधाहरू तपाईं योग्य रहँदासम्म प्रत्येक महिनाको 5औं दिनमा बिहान 6:00 बजे तपाईंको कार्डमा थपिनेछन् ।

- यदि तपाईं आफ्नो नगद अनुदान EBT कार्डबाट प्राप्त गर्न रोज्नुहुन्छ भने तपाईंले नगद खरिद गर्दा नगद पैसा फिर्ता पाएर वा ***"QUEST"*** चिन्ह देखाइएको कुनै पनि ATM बाट आफ्नो सुविधामा पहुँच गर्न सक्नुहुन्छ । तपाईं आफ्नो EBT कार्ड वा EBT कार्डबाट प्राप्त नगद प्रतिबन्धित कारोबारमा प्रयोग गर्नुहुन्न भन्ने कुराको सुनिश्चित गर्नुहोस्, RSA 650:1,III अनुसार ती कारोबारहरू भनेको 50% भन्दा बढी देख्न सकिने सूची रक्सीजन्य पदार्थ भएको स्टोरहरू, मुख्यतः अङ्गच्छेदन, डामेर चिन्ह बनाउने वा टाटु बनाउनेमा संलग्न स्थलहरू, जुवाघर वा सिगार, पाइप, धुम्रपान वा सुर्तीजन्य स्टोर/सानो दोकान/पसलहरू, अधिकांश गाँजाका औषधालयहरू, 50% भन्दा बढी देख्न सकिने सूची भइ वयस्क-लक्षित मनोरञ्जन मानिने वस्तु बिक्री गर्ने वा भाडामा उपलब्ध गराउने व्यापारिक स्थलहरूको कारोबार हो । आफ्नो EBT कार्ड वा आफ्नो EBT कार्डबाट प्राप्त नगदलाई प्रतिबन्धित कारोबारमा प्रयोग गर्नाले RSA 167:7-b र He-W PART 608 अनुसार नगद जरिवाना हुनेछ । हरेक महिनामा पहिलो 2 ATM झिकाइहरू नि:शुल्क हुन् (यद्यपि, तपाईंले प्रयोग गर्ने ATM का आफ्नै शुल्कहरू हुन सक्छन्), तर अनुमति दिइएको 2 नि:शुल्क झिकाइहरू नाघेपछि उक्त क्यालेन्डर महिनाको अवधिमा तपाईंले हरेक पटक थप ATM नगद झिक्दा EBT-सम्बन्धित शुल्क लगाइनेछ । यो EBT-सम्बन्धित शुल्क यदि कुनै ATM शुल्क लागेको छैन भने त्यो बेलामा मात्र लागू हुन्छ ।



## 2. Medical Assistance

यदि तपाईं Medicaid को लागि योग्य हुनहुन्छ भने तपाईंको घरपरिवारको प्रत्येक योग्य सदस्यका लागि एउटा स्थायी प्लास्टिकले बनेको Medicaid ID (परिचय पत्र) प्राप्त गर्नुहुनेछ । तपाईंले निम्न कुराहरू गर्नुपर्नेछ:

- सबै कार्डहरू सुरक्षित स्थानमा राख्नुपर्नेछ;
- तपाईंले आफ्नो चिकित्सक, अस्पताल वा औषधी पसलबाट सेवाहरू लिनु अघि तिनीहरूलाई यो कार्ड देखाउनुपर्नेछ; र
- प्रदायकले Medicaid बाट भुक्तानी स्वीकार गर्छन् भन्ने सुनिश्चित गर्नुपर्नेछ, वा तपाईं आफैले बिल भुक्तानी गर्नुपर्नेछ ।

## 3. NH Child Care Scholarship

NH Child Care Scholarship भुक्तानीहरू तपाईंको बाल स्याहार प्रदयाकको रोजाई अनुसार सोझै प्रदान गरिन्छन् । प्रदायकले निम्न कुराहरू गर्नुपर्नेछ:

- विभागमा दर्ता हुनुपर्नेछ;
- तिनीहरू तपाईंको बच्चाको प्रदायक हुन् भनि प्रमाणित गर्ने विभागद्वारा प्रदान गरिने फाराम भर्नुपर्नेछ;
- योग्य बच्चाको लागि साप्ताहिक बिजक फाराम भर्नुपर्नेछ वा वेबबाट बिल दर्ता गर्नुपर्नेछ; र
- यदि कागजी बिल प्रयोग गरेको भएमा सेवा प्रदान गरेको 90 दिन भित्र फारामको पछाडिको ठेगानामा बिजक हुलाकद्वारा पठाउनुहोस्, वा यदि वेबद्वारा बिल बुझाउन दर्ता भएको भए विद्युतिय माध्यमद्वारा बिजक पेश गर्नुहोस् ।

तपाईंको District Office (जिल्ला कार्यालय) ले बिजक फारामहरू आपूर्ति गर्नेछ । यी प्रक्रिया पूर्ण रूपमा पूरा भएपछि मात्र तपाईंको प्रदायकले भुक्तानी प्राप्त गर्नेछन् ।

## तपाईं कहिलेसम्म सुविधाहरू प्राप्त गर्न सक्नुहुन्छ ?

निम्न कार्यक्रमहरूका लागि तपाईंले कार्यक्रमका आवश्यकताहरू पूरा गरिरहँदासम्म, तपाईंले कहिलेसम्म सुविधाहरू प्राप्त गर्न सक्नुहुन्छ भन्ने कुराको कुनै सीमा छैन:

- OAA, ANB तथा APTD नगद सहायता;
- NF तथा HCBC/HC-CSD सेवाहरू सहित medical assistance का सबै श्रेणीहरू;
- Food Stamps; र
- NH Child Care Scholarship

यद्यपि, संघीय तथा राज्य कानूनहरूले परिवारहरूले प्राप्त गर्न सक्ने FANF नगद सहायताको समयलाई 60 महिनाभन्दा बढी नहुने गरी सीमित गर्ने गर्दछन् । तपाईंको वर्करले तपाईंलाई प्रदान गरिने सुविधाहरूमा हुने यो समय सीमा बारे स्पष्ट पार्नेछन् । यदि तपाईं सानो हुँदा तपाईंको आमाबाबुहरूले नगद सहायता प्राप्त गर्नुभएको थियो भने उक्त समय सीमाले तपाईंलाई प्रभाव पार्ने छैन । तपाईंको समय सीमा तपाईंले वयस्कको रूपमा सुविधाहरू प्राप्त गर्दा सुरू हुन्छ ।



## हामी तपाईंबाट के आशा राख्छौं

हामी तपाईंले निम्न कुरा गर्नुहुन्छ भन्ने आशा गर्छौं:

- सही र पूरा जानकारी दिने;
- तपाईंको योग्यता निर्धारण गर्न आवश्यक पर्ने प्रमाणहरू उपलब्ध गराउने;
- आफ्नो पारिवारिक सेवा विशेषज्ञले वर्णन गरे अनुसार तपाईंका सुविधाहरूलाई प्रभावित गर्न सक्ने कुनै पनि परिवर्तनहरूको रिपोर्ट गर्ने तथा प्रमाण उपलब्ध गराउने;
- हामीले तपाईंलाई दिएका सबै सामग्रीहरू पढ्ने;
- तपाईंले केही कुरा नबुझ्दा प्रश्नहरू सोध्ने; र
- सबै एपोइन्टमेन्टहरूमा जाने । यदि तपाईंले कुनै एपोइन्टमेन्ट लिन सक्नुहुन्न भने तपाईंले हामीलाई तुरन्तै जानकारी गराउनै पर्छ । आफ्नो एपोइन्टमेन्ट पूरा नगर्दा परिणाम स्वरूप कम सुविधाहरू पाइने हुनसक्छ, तपाईंका सुविधाहरू रद्द गरिन सक्छ, वा तपाईंका सुविधाहरू समाप्त हुन सक्छन् ।



DFA Form 800A (Ne)
09/15
DFA SR 15-27